**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०२ मार्च २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

१. पश्चिम बंगालमा आगामी विधानसभा चुनाउअघि प्रधानमन्त्री नरेन्द्र मोदीले १५ मार्चमा कोलकाताको ब्रिगेड परेड ग्राउण्डमा आयोजना हुने भव्य मेगा र्यालीलाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

२. केन्द्रीय गृहमन्त्री अमित शाहले आज पश्चिम बंगालमा परिवर्तन यात्राको एक भागको रूपमा एक विशाल जमघटलाई सम्बोधन गर्नु हुँदै सरकारी कर्मचारी, युवा र नोकरी खोज्नेहरूका लागि धैरै महत्त्वपूर्ण घोषणाहरू गर्नु भयो।

३. पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज नेताजी इन्डोर स्टेडियमबाट लगभग ३,५०० करोड रुपियाँको कल्याणी एक्सप्रेसवेको उद्घाटन गर्नुभयो।

४. पश्चिम बंगाल विधान सभा चुनाव 2026 लाई केन्द्र गरेर आजदेखि दार्जिलिङ बजारमा केन्द्रिय बलको एक कम्पनी तैनात गरिएको छ।

५. हिल तराई डुवर्स प्लान्टेसन लेबर युनियनका अध्यक्ष जेबी तामाङले चिया बगानका श्रमिकहरूका लागि सामग्रीहरुको मूल्यदरमा वृद्धि गर्न माग गर्नु भएको छ।

**प्रधानमन्त्री नरेन्द्र मोदी - बंगाल**

पश्चिम बंगालमा आगामी विधानसभा चुनाउअघि प्रधानमन्त्री नरेन्द्र मोदीले १५ मार्चमा कोलकाताको ब्रिगेड परेड ग्राउण्डमा आयोजना हुने भव्य मेगा र्यालीलाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ। उक्त र्याली भाजपाको राज्य एकाइद्वारा सञ्चालन गरिएको ‘परिवर्तन यात्रा’ को औपचारिक समापन हुनेछ। यो यात्रा आइतबार राज्यका नौ विभिन्न स्थानबाट शुरु भइसकेको छ र पार्टीले यसमार्फत सबै २९४ विधानसभा क्षेत्र समेट्ने लक्ष्य लिएको छ। भाजपाको यो महत्वाकांक्षी यात्रा हिजो आइतबारदेखि अघि बढेको हो। आज पनि तीनजना केन्द्रिय मन्त्रीहरूको उपस्थितिमा यात्रा कार्यक्रम सञ्चालन हुँदैछ। यद्यपि ३ मार्चमा ‘डोल यात्रा’ र ४ मार्चमा ‘होली’ पर्व परेकाले ती दुई दिन कुनै र्याली आयोजना गरिने छैन। यात्रा ५ मार्चदेखि पुनः शुरु हुनेछ र राज्यभरि पुग्दै १५ मार्चमा प्रधानमन्त्री मोदीको र्यालीसँगै सम्पन्न हुनेछ।
भाजपाका एक राज्य समिति सदस्यका अनुसार, कार्यक्रम प्रधानमन्त्री कार्यालय (पीएमओ) का अन्तिम निर्देशनको अधीनमा रहेको छ, त्यसैले आवश्यक परे कार्यक्रममा परिवर्तन हुन सक्ने सम्भावना रहेको छ।
यस यात्रामा केन्द्रिय गृहमन्त्री अमित शाह पनि सहभागी भइरहेका छन्। १५ मार्चमा ब्रिगेड परेड ग्राउन्डमा हुने मुख्य र्यालीमा श्री शाह सहभागी हुने कि नहुने भन्ने विषय अझै स्पष्ट भएको छैन। यस यात्रामा भाजपाका अन्य शीर्ष नेताहरूले पनि सक्रिय भूमिका निर्वाह गर्नेछन्। तीमध्ये शिवराज सिंह चौहान, जेपी नड्डा, राजनाथ सिंह, नितिन गडकरी, धर्मेन्द्र प्रधान, पूर्व केन्द्रिय मन्त्री स्मृति ईरानी र महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीस सामेल छन्।

**अमित शाह - पश्चिम बंगाल**

केन्द्रीय गृहमन्त्री अमित शाहले आज पश्चिम बंगालमा परिवर्तन यात्राको एक भागको रूपमा एक विशाल जमघटलाई सम्बोधन गर्नु हुँदै सरकारी कर्मचारी, युवा र नोकरी खोज्नेहरूका लागि धैरै महत्त्वपूर्ण घोषणाहरू गर्नु भयो। उहाँले भन्नु भयो, यदि भारतीय जनता पार्टी (भाजपा) ले राज्यमा सरकार बनायो भने, सरकारी कर्मचारीहरूले महँगी भत्ता र ४५ दिनभित्र सातौं वेतन

आयोग लागू गर्नेछन्। उहाँले यसलाई लामो समयदेखि रोकिएको आर्थिक न्याय प्राप्त गर्ने दिशामा एक महत्त्वपूर्ण कदमको रूपमा वर्णन गर्नु भयो। दक्षिण २४ परगना जिल्लाको रायदीघी विधानसभा निर्वाचन क्षेत्रको भगवतीपुरमा आयोजित एक र्‍यालीमा, केन्द्रीय गृहमन्त्रीले भन्नु भयो, बंगालका युवाहरूलाई रोजगारी प्रदान गर्नु र सरकारी कर्मचारीहरूलाई उनीहरूको उचित अधिकार सुनिश्चित गर्नु भाजपाको प्राथमिकतामा छ। राज्यमा सबै रिक्त सरकारी पदहरू भर्ने प्रक्रिया डिसेम्बर २६ मा सुरु हुनेछ। भर्ती प्रक्रियामा ढिलाइका कारण पीडित युवाहरूलाई रोजगारीका अवसरहरू पुन: प्राप्त गर्न सक्षम बनाउन पाँच वर्षको विशेष उमेर छुट दिइनेछ। उहाँले भन्नु भयो, रोजगार खोज्नेहरूको विश्वास पुनर्स्थापित गर्न राज्यमा पारदर्शी र योग्यतामा आधारित भर्ती प्रणाली लागू गरिनेछ। भर्ती प्रक्रियामा पारदर्शिताको अभावका कारण युवाहरूले लामो समयदेखि दुःख भोग्दै आएको र भाजपाको सरकार बनेमा यो अवस्था परिवर्तन हुने उहाँले बताउनु भएको छ।

सरकारी कर्मचारीहरूको मुद्दामा बोल्नु हुँदै श्री अमित शाहले भन्नु भयो, सातौं वेतन आयोगको कार्यान्वयनले कर्मचारीहरूलाई आर्थिक स्थिरता प्रदान गर्नेछ र प्रशासनिक प्रणालीलाई बलियो बनाउनेछ। महिला सशक्तिकरणको मुद्दामा, उहाँले भन्नु भयो, महिलाहरूको सुरक्षा, सम्मान र आर्थिक स्वतन्त्रता सुनिश्चित गर्न ५,७०० करोडको विशेष व्यवस्था गरिनेछ। उहाँले भन्नु भयो, राज्यमा महिलाहरूको लागि उनीहरूको सामाजिक र आर्थिक स्थितिलाई बलियो बनाउने योजनाहरू लागू गरिनेछ।शिक्षक भर्ती वरपरको विवादलाई उल्लेख गर्नु हुँदै अमित शाहले भन्नु भयो, लगभग २६,००० शिक्षकहरूसँग सम्बन्धित मुद्दा पारदर्शी र कानुनी रूपमा समाधान गरिनेछ। श्री अमित शाहले भ्रष्टाचारको मुद्दामा पनि कडा अडान लिनु हुँदै राज्यले घोटाला र सार्वजनिक कोषको दुरुपयोगको अनुसन्धान गर्ने र दोषी पाइएकाहरूमाथि कडा कानुनी कारबाही गरिने बताउनु भयो।

**<u>मुख्यमन्त्री ममता ब्यानर्जी</u>**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज नेताजी इन्डोर स्टेडियमबाट कल्याणी एक्सप्रेसवेको उद्घाटन गर्नुभयो। यस परियोजनाको लागत लगभग ३,५०० करोड रुपियाँ रहेको छ। उद्घाटन समारोहको क्रममा, मुख्यमन्त्रीले एसआईआर दुर्घटनामा मृत्यु भएका राज्यका ३६ बासिन्दाहरूको परिवारका प्रत्येक सदस्यलाई रोजगार नियुक्ति पत्र पनि प्रदान गर्नुभयो। त्यसपछि उहाँले होली उत्सवको आनन्द लिनु भयो र उपस्थितहरूले उहाँलाई स्वागत गरे। कल्याणी एक्सप्रेसवे कोलकाता र कल्याणीबीचको ४० किलोमिटर लामो, अत्याधुनिक, ४/६ लेन, सिग्नल-रहित मार्ग हो, जसमा जम्मा २१ फ्लाईओभरहरू छन्। एउटा छेउ निमतामा रहेको बेलघरिया एक्सप्रेसवेसँग जोडिएको छ, जबकि अर्को छेउ गंगामाथि निर्माणाधीन ईश्वर गुप्ता पुल र राष्ट्रिय राजमार्ग १२ सँगको प्रमुख जंक्शनसँग जोडिएको छ। यो मार्ग खोल्दा उत्तर २४ परगना र नादिया जिल्लाहरू बीच कोलकातासँग छिटो र सजिलो सम्पर्क प्रदान गर्नेछ। पहिले, यो दूरी लगभग दुई घण्टा लाग्थ्यो, तर नयाँ सुपरहाइवेले ट्राफिक जामबाट बच्न यात्रा समय आधा घटाउनेछ।प्रशासनको दाबी छ कि पश्चिम बंगाल राजमार्ग विकास निगम लिमिटेड अन्तर्गत निर्माण गरिएको एक्सप्रेसवेले यस क्षेत्रमा उद्योग, वाणिज्य र रोजगारीका अवसरहरूलाई बढावा दिनेछ। मृतकका परिवारहरू मुख्यमन्त्रीबाट होमगार्ड पदका लागि नियुक्ति पत्र प्राप्त गरेपछि सरकार र मुख्यमन्त्रीलाई धन्यवाद दिन पुगे।

**<u>डा. सुकान्त मजुमदार</u>**

केन्द्रिय शिक्षा राज्य मन्त्री डा. सुकान्त मजुमदारले तृणमूल कंग्रेसमाथि गम्भीर आरोप लगाउँदै भन्नु भएको छ, पार्टीले आफ्नो व्हाट्सएप ग्रुपमा भाजपाका समर्थकहरूलाई लक्षित गर्ने कुत्सित षड्यन्त्र रचिरहेको छ। मथुरापुर सागठनिक जिल्लामा आयोजित गृहमन्त्री अमित शाहको 'परिवर्तन यात्रा' सभामा सामेल हुने भाजपा कार्यकर्ता अनि समर्थकहरूलाई युवा साथी योजना तथा लक्ष्मी भण्डार योजना जस्ता सरकारी सुविधाहरू रद्द गरिदिने धम्की दिइरहेको छ। डा. मजुमदारले सोशल मीडिया प्लेटफर्म एक्समा हिजो बिहान व्हाट्सएप च्याटको स्क्रीनशट पनि शेयर गर्नु भयो जसमा यस किसिमको धम्की दिइएको छ। उहाँले टीएमसीको यस कथित षड्यन्त्रलाई 'समाज विरोधी, निच औ प्रतिशोधपूर्ण मानसिकता'-को संज्ञा दिनु भयो। उहाँले दाबी गर्नु भयो, टीएमसीले स्थानीय बूथ नेतृत्वलाई निर्देश दिएको छ कि यस्ता मानिसहरूलाई चिन्हित गरी भविष्यको लागि लक्षित गरियोस्। यो खुलासाले ग्रामीण क्षेत्रमा फैलाएको भय अनि आतंकको माहोललाई उजागार गर्दछ जहाँ लोकतान्त्रिक अधिकारहरूमाथि हमला भइरहेको छ।मन्त्रीले भन्नु भयो, यस्ता धम्की तथा राजनीतिक प्रतिशोधले ग्रामीम स्तरमा डर फैलाइरहेको छ। उहाँले बंगालका परिश्रमी मानिसहरूलाई यस 'निन्दनीय राजनीतिक प्रतिशोध'को उचित जवाफ दिने आह्वान गर्दै सबै प्रमाणहरूलाई संग्रह गरेर राख्ने सुझाउ दिनु भयो।

## दार्जिलिङ टाउनमा केन्द्रिय बलको एक कम्पनी तैनात

पश्चिम बंगाल विधान सभा चुनाव 2026 लाई केन्द्र गरेर दार्जिलिङ बजारमा केन्द्रिय बलको एक कम्पनी तैनात गरिएको छ। आजदेखि दार्जिलिङको सदर थानाबाट रुट मार्च शुरू गरिएको बताइएको छ। पुलिस अधिकारले बताए अनुसार पुलबाजार अनि जोरबंगलो क्षेत्रमा पनि रुट मार्च गरिनेछ। दार्जिलिङ टाउन, डीएसपी उज्ज्वल सरकारले यसबारे जानकारी दिनुभएको छ।

## जेबी तामाङ

हिल तराई डुवर्स प्लान्टेसन लेबर युनियनका अध्यक्ष जेबी तामाङले आज एक पत्रकार सम्मेलनमार्फत सम्पूर्ण चिया बगानका श्रमिकहरूका लागि सामग्रीहरुको मूल्य दरमा वृद्धि गर्न माग गर्नु भएको छ। चिया बगानमा कार्यरत श्रमिकहरूलाई चप्पल, टोकरी, दाउरा र छुरी जस्ता अत्यावश्यक सामग्रीका लागि दिइँदै आएको सुविधा पर्याप्त नभएकोले त्यसलाई बढाइनु आवश्यक रहेको उहाँले बताउनु भएको छ। यस सम्बन्धमा युनियनले सम्बन्धित विभागलाई औपचारिक प्रचार गरेको पनि जानकारी दिनु भएको छ। हिल तराई डुवर्स प्लान्टेसन लेबर युनियनले डीटीए र आइटीएलाई पत्रचार गरी श्रमिकहरूको आधारभूत आवश्यकतामा सुधार गर्न माग गरेको जनाएको छ। अध्यक्ष तामाङले भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको ट्रेड युनियन सधैं चिया बगान श्रमिकहरूको हक–हितका लागि प्रतिबद्ध रहेको बताउनु हुँदै हामी केवल भाषणमा सीमित हुँदैनौं तर व्यावहारिक कार्यमा  विश्वास गर्छौं भनी बताउनु भएको छ।

## मिरिक फ्लोरी कल्चर

मिरिक फ्लोरी कल्चर सोसाइटीको आयोजनामा  मिरिकमा शनिबारदेखि  शुरू भएकाे तीन दिवसीय पुष्प प्रदर्शनीकाे आज समापन भयाे।  समापन कार्यक्रममा जीटीए कृषि एंव वागवानी विभागका एमओडी सभासद मिलेस राई, मिरिक उमाविका पूर्व प्रधान अध्यापक सुवास खाती आदि उपस्थित थिए।समापन कार्यक्रममा पुष्प प्रदर्शनी अनि प्रतियोगिता भएकाे थियाे। जसमा बीस पटमा विराज राई पहिलाे, धिरज राई दाेस्राे अनि चरण राई तेस्रो, पन्ध्रपटमा तुलसी राई पहिलाे, अश्वनी राई दोस्रो अनि आनन्द राई तेस्रो भए। दस पटमा वाइबी राई पहिलाे, राजेन राई दाेस्राे अनि चरण राई तेस्राे अनि एकलमा अविज्ञ राई पहिलाे, टीना राई दाेस्राे अनि तेस्राे  भए। यसरी नै नेचरलमा  अतीत राई अनि दाेस्राे अनि तेस्राे आनन्द राई भए भने सिजनलमा  सुमीरण नर्सरी पहिलाे,दाेस्राे अनि तेस्राे आनन्द राई भए। यसरी नै क्याकटसमा सुनिता राई पहिलाे, नीरप राई दाेस्राे अनि धर्य राई तेस्राे भए। प्रतियोगितामा विजय बन्नेहरूलाई आयाेजक समितिले आकर्षक ट्रफी अनि नगद पुरस्कार  प्रदान गर्याे

## अजय एडवर्ड्स घरको निर्माण कार्य

इन्डियन गोर्खा जनशक्ति फ्रन्टका प्रमुख संयोजक अजय एडवर्ड्सको निजी कोषबाट घरको निर्माण कार्य तीव्र गतिमा भइरहेको छ। गत केही महिनाअघि आएको विनाशकारी बाढी–पहिरोले पहाड तथा तराई क्षेत्रहरूमा ठूलो क्षति पुर्‍याएको थियो। सोही अवधिमा भालुखोला क्षेत्रमा पनि व्यापक क्षति पुगेको थियो। इण्डियन गोर्खा जनशक्ति फ्रण्टका केन्द्रीय संयोजक अजय एडवर्ड्सले आफ्नो निजी कोषबाट रत्न कुमारी राईको घर पुनर्निर्माण गरिरहनु भएको छ। नव–निर्मित घरको निर्माण कार्यमा आज पार्टीको हाइवे युवा एकाइ समितिका नेतृत्वहरू आदित्य मुखिया, भवन प्रधान, संजय थापा, ऐसेस बिके, दिपेश प्रधान, सुकराज राई, याङ दोर्जे, दिनेश दर्जी र विनायक बिकेले श्रमदानमार्फत सक्रिय सहभागिता जनाएका थिए।

## जीटीए कर्मचारी संगठन

विभिन्न मागहरु र विभिन्न विषयमा जीटीए कर्मचारी संगठनको सभा खरसाङको गिध्द पहाडस्थित जीटीएको शाखा सचिवालयमा सभा सम्पन्न भएको छ। उक्त सभा सुदेश थापाको अध्यक्षतामा सम्पन्न भएको छ। सभामा जीटीए कर्मचारी संगठनको केन्द्रीय उप सभापति रबि तोलङ्गी, खरसाङ महकुमा समितिको सचिव बिजय प्रधान, कोषाध्यक्ष दिनेश तामाङ, कार्यकारी सदस्य राजेस प्रधान र मनिष प्रधान लगायत अन्यहरु उपस्थित रहेका थिए। सभामा जीटीए कर्मचारी संगठनको विविध मागहरु विषयमा चर्चा परिचर्चा गरिएको छ भने गत केही समय अघि कोलकाता गएको विषयमा जानकारी गराइएको छ। यसको साथै जीटीए

कर्मचारी संगठनको विविध मागहरु र विभिन्न समस्याहरु जीटीए प्रमुख अनित थापाको सहयोग र अगुवाईमा समाधान हुने आशा व्यक्त गरिएको जानकारी प्राप्त भएको छ। यस विषयमा पत्रकारहरुसित कुराकानी गर्दै जीटीए कर्मचारी संगठन खरसाङ महकुमा समितिको सचिव बिजय प्रधानले विस्तृत रुपमा जानकारी गराउनु भएको छ।

****** ० ******